# खण्ड एक : पृष्ठभूमी

तिलोत्तमा नगरपालिका ५ नं. प्रदेशको राजधानी बुटवल र रुपन्देहीको जिल्ला सदरमुकाम सिद्धार्थनगर (भैरहवा) को बीचमा अवस्थित छ । यस नगरको नामाकरण नगरपालिकाको पश्चिममा बग्ने तिलोत्तमा नदीको नामबाट गरिएको हो । यो नगरपालिका २७° ३३' देखि २७° ३९' उत्तरी अक्षांश र ८३° २५' देखि ८३° ३३' पूर्वी देशान्तरमा अवस्थित छ । यस नगरपालिकाको पूर्वमा देवदह नगरपालिका, पश्चिममा सियारी गाउँपालिका र सुद्धोधन गाउँपालिका उत्तरमा ५ नं. प्रदेशको सदरमुकाम बुटवल र दक्षिणमा ओमसतिया गाउँपालिका पर्दछ । समुद्री सतह भन्दा १६०-१७५ मिटर उचाईमा अवस्थित यस नगरपनलिकाको क्षेत्रफल १२६.२ वर्ग कि.मि. रहेको छ जसमा लम्बाई सरदर १२.५ कि.मि. र चौडाई सरदर १०.१ कि.मि. छ । हाल तिलोत्तमा नगरपालिकामा १७ वटा वडाहरु छन । यस नगरपालिकाको पश्चिम र पूर्वबाट क्रमशः तिनाउ र रोहिणी दुई ठूला नदीहरु बग्दछन । यस नगरपालिकामा पर्ने महत्वपूर्ण र धार्मिक स्थानहरु मध्ये डिङ्गरकुवा, बुद्धपरियति, उदयविहार, करौजिया गुम्बा, मोक्षधाम र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र पर्दछन । हालसालै मात्र पुर्ननिर्माण भईराखेको सिद्धार्थ राजमार्ग अन्तर्गतको ६ लेन सुनौली सिद्धार्थनगर बुटवल सडकले पूर्व र पश्चिम गरी दुई भागमा पारेर तिलोत्तमा नगरपालिकाको बीचबाट हिंडेको छ ।

यस नगर प्रोफाइलले तिलोत्तमा नगरपालिकाको विकासको मूल फुटाउन कोसेढुङ्गा सावित गर्नेछ । र भविष्यमा बस्न योग्य उच्च स्तरको नमूना नगरपालिका बनाउने छ । यस नगर प्रोफाइलले भौतिक, सामाजिक, शैक्षिक, आर्थिक, वातावरणीय, संस्थागत, पर्यटन र सांस्कृतिक विकासलाई समेट्ने प्रयास गरेको छ । यस प्रमाणीत लेखोटले क्षेत्रगत संघसंस्थाहरुलाई पूर्वाधार तथा विकासमा आर्थिक लगानी गर्न ठूलो सहयोग मिल्ने छ । यस दस्तावेज बनाउन प्राथमिक तथा सेकेन्डरी श्रेणीको तथ्यांक प्रयोग गरिएको छ । प्राथमिक तथ्यांक परामर्शदाताले आफ्ना विज्ञ तथा गणक मार्फत र सेकेन्डरी तथ्यांक विभिन्न लिखित तथा अन्य श्रोतहरुबाट सङ्कलन गरिएको हो । यस योजना बनाउन वैज्ञानिक र सर्वग्राह्य सहभागिता मूलक योजना निर्माण विधि तथा उपकरण प्रयोग गरिएको छ । राजनीतिक नेतृत्वले यसको जिम्मेवारी लिएर यसलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । यो नगर प्रोफाइल सम्पूर्ण रुपमा तिलोत्तमा नगरपालिका विकास र समृद्धिमा केन्द्रित रहेको छ । तिलोत्तमा नगरपालिकाको भौतिक योजना, वातावरणीय योजना, सामाजिक योजना, आर्थिक योजना, पर्यटकीय योजना, शैक्षिक योजना, सांस्कृतिक योजना आदि तयार गरेर त्यसका राम्रा र सुधार गर्न पर्ने पक्षको विवेचना गरी सुधारको योजना बनाउनको लागि यो प्रोफाइल ले महत्वर्पूण भूमिका खेल्नेछ । साथै आगामी दिनहरुमा यस नगरपालिकाको बहुआयामिक विकास र समृद्धिका लागि आवश्यक अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरु पनि बनाउन सहयोग पुग्ने छ ।

राष्ट्रको नविन परिस्थितिमा यस तिलोत्तमा नगरपालिका बहु-आयामिक अवस्थिति जस्तै यस नगरपालिकाको बीचबाट निर्माणारत सुनौली सिद्धार्थनगर बुटवल ६ लेनको बाटो हुनु २० देखि ३० कि.मि. को दुरीमा गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट, देवदह अवस्थित हुनु । निर्माणारत गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल हुनु । भारतसंगको अन्तराष्ट्रिय नाका २५ कि.मि. को दुरीमा हुनु । प्रदेश नं. ५ को राजधानी बुटवल २ कि.मि. दुरीमा हुनु आदि कारणले यस तिलोत्तमा नगरपालिकाको विकासको ठूलो संभावना रहेको छ ।

त्यस्तै यस नगरापालिकाको दुवैतिर ठूला नदीहरु तिनाउ र रोहिणी बग्नु शंकरनगर वनवाटिका तथा चिडिया घर ऐतिहासिक डिङ्गरकुवा, बुद्ध परियती, उदयविहार, करौजिया गुम्बा, मोक्षधाम मन्दिर आदिको उपस्थितिले यस क्षेत्रको पर्यटकीय र अन्य विकासमा ठूलो टेवा पुग्दछ । यस क्षेत्रमा अवस्थित प्राविधिक तथा अन्य शिक्षण संस्थाहरुबाट यसलाई देशकै एक नमूना शैक्षिक विकास केन्द्र बनाउन सकिने प्रचुर संभावना रहन्छ । यस क्षेत्रमा देशकै उत्तम अनुपम र पुर्वाधार विकासका मेरुदण्ड मानिने निर्माण उद्योगहरुमा सिमेन्ट, पाईप, छड, तथा चामल, मैदा, दाल आदि खाद्य उद्योगहरु संचालित छन् । देशकै अनुपम र उदाहरणीय अष्ट्रिज पालन व्यवसाय पनि यसै नगरपालिकाको १०, १६ र १७ नं. वडामा संचालित छ । यस नगरपालिकाको विभिन्न ७ ठाउँमा साताका सातै दिन हाट बजार संचालन हुन्छन । जसले यस क्षेत्रका जनताको आर्थिक विकासमा ठूलो टेवा पुग्दछ ।

**“समुन्नत, सुरक्षित र वातावरण मैत्री, सुन्दर शहर, सुशासनयुक्त, पर्यटकिय र समृद्ध तिलोत्तमा नगर”**

भन्ने नाराका साथ सबै एक जुट भई विकासमा अघि बढ्ने वाचा बन्धन गरियो । यस दूरदृष्टिले नगरपालिकाको बहुआयामिक विकास र समृद्धिको सम्भावनालाई अझ कटिबद्ध भई अगाडि बढ्ने प्रेरणा र हौसला बढाएको छ ।

यस नगरपालिकाका महत्वपूर्ण स्थानहरुमध्ये शंकरनगर, डाईभरटोल, मणीग्राम, मङ्गलापुर, भलवारी, मधवलीया, कोटिहवा, केरवानी, सिमरा बजार, मुडीयारी आदि विकासका संभावनाका दृष्टिले महत्वपूर्ण स्थानहरु हुन ।

# खण्ड दुइ : नगरपालिकाको परिचय

## २.१. तिलोत्तमा नगरपालिकाको संक्षिप्त परिचय

स्थानिय स्वायत्त शासन ऐन, २०५५को दफा ८० मा भएको ब्यवस्था बमोजिम यस नगरपालिका गठन भएको हो । तिलोत्तमा नगरपालिकाको स्थापना २०७१/०१/२५ मा भएको हो । साविकका ६ वटा गाउँ विकास समितिलाई मिलाएर बनेको यो नगरपालिका नेपाल सरकारको मिति २०७१/०१/२५ को घोषणाबाट ७२ वटा नगरपालिका संगै यसको स्थापना भएको हो । २०७२/०६/०१ मा साविक गंगोलिया गाविसलाई समेत यसै नगरपालिकामा समाहित गर्ने नेपाल सरकारको निर्णय संगै यस नगरपालिकामा साविकका सातवटा गा.वि.स.हरु समायोजन हुन पुगेको छन् । प्रदेश५ नंअन्तर्गत लुम्बिनी अञ्चलमा पर्नेतिलोत्तमा नगरपालिकाएक तराईभागमा पर्नेनगरपालिकाहो । यो नगर प्राकृतिक, सांस्कृतिक, शैक्षिक, कला, सभ्यता, रहनसहन र जैविक विविधताले समृद्ध छ । यो नगरमा बिभिन्न जातजाति र भेषभुषाले, ऐतिहासिक वीरताको गाथाले भरिपूर्ण रहेको छ । तिलोत्तमा सुन्दरताको प्रतिकको रुपमा मानिन्छ ।

### २.१.१ तिलोत्तमा नगरपालिकाको नामकरण

रुपन्देही जिल्लाको बिच भाग भएर बग्ने तिलोत्तमा नदीको नामबाट नामाकरण गरिएको तिलोत्तमा नगरपालिका रुपन्देही जिल्लाको बीच भागमा अवस्थित छ । महाभारतमा ब्रह्माजीले सबै रत्नहरुबाट तिलको गेडा बराबरको सुन्दरता निकालेर तिलोत्तमा नदी उत्पन्न भएको किम्बदन्ती छ । जनश्रुति अनुसार माण्डव्य ऋषिका लागि काली गण्डकीले आफ्नो तिल बरबरको शक्ति (तिनाउ) मा उत्पन्न गरेको भनिन्छ । नेपालको पुनर्संरचना गर्ने क्रममा स्थानीय तहको गठन गर्दा साविकको तिलोत्तमा नगरपालिका र साबिकको गंगोलिया गाउँ विकास समितिलाई मिलाएर यस नगरपालिकाको स्थापना भएको हो ।

### २.१.२ ऐतिहासिक पृष्ठभूमि

तिलोत्तमा नगरपालिकाको ईतिहास २०७१ बाट शुरु भएतापनि कुमारी बिर्ता (जङ्गबहादुर) नैकट्टी (बि.सं. २०७१ सम्म) का रुपमा यसको इतिहास धेरै पुरानो छ । यस क्षेत्रमा पाइने प्राचिनतम ईनारहरुले यहाँको बसोबास र खेतिपातीको लामो परम्परा रहेको स्पस्ट हुन्छ । यस क्षेत्रमा पाइने प्राचिनतम अभिलेख मध्ये केही बिबरण स्रोह मौजा, छतिस मौजाका शोधकर्ताहरुले उल्लेख गरेका छन् ।

चन्द्र शमशेरको समयदेखि तराइमा बस्ति बिकास प्रयास भएको पाइन्छ । बि. स. १९९० सालमा साममणिद्धारा वन कटानी (नवकट्टी), दक्षिणी क्षेत्रमा भने बसोबास रहेको । २००७ को दशकमा तराइबसाइ सराइ शुरु २०१३ (पहिलो आर्थिक योजना) बाट पहाड तराईबसाइ सराइ गराउने सरकारी निती रहेको । बि. सं. २०२४ मा तराईमा खडेरी परेको र स्रोह्व, छत्तिस मौजा सिंचाईको पुन निर्माण भएको हो । २०२४ मा पुर्बपश्चिम राजमार्ग निर्माण प्रारम्भ भएको । २०१४ मा शिद्धार्थराजमार्ग निमार्ण भएको । २०३८ मा बुटवल र भैरहवा (हाल शिद्धाथनगर) नगरपलिका घोषणा ।

## २.२ भौगोलिक अवस्थिति

भौगोलिकरुपमा यो नगरपालिका २७°३३' उत्तर देखि २७°३९'उत्तरीअक्षांश सम्म र ८३°२५' पूर्व देखि ८३°३३' पूर्वी देशान्तर सम्म फैलिएको छ । यस नगरपालिकाको अधिकांश भाग समथर मैदानी भूभागमा रहेको मलिलो माटोबाट बनेको छ । जिल्लाको अन्य स्थानहरुमा जस्तै यहाँ उष्ण प्रदेशीय हावापानी पाइन्छ । चैत्र महिना देखि भाद्रसम्म यहाँ अत्याधिक गर्मी हुन्छ । असोज, कार्तिक, मंसिर र फाल्गुणमा समसितोष्ण किसिमको हावापानी पाइन्छ ।, पुष र माघमा हुस्सु लाग्नुको साथै जाडो हुने गर्दछ । यसरी यहाँको हावापानी मौसम अनुसार नै विविध र विषम किसिमको रहेको छ । मौसम विभागको तथ्यांक अनुसार यस नगरपालिकाको अधिकतम तथा न्यूनतम तापक्रम जिल्लाको अन्य स्थानहरुमा जस्तै गर्मीको समयमा ४२.४ डिग्री सेल्सियस सम्म बढ्ने र जाडोको समयमा ८.७५ डिग्री सेल्सियस सम्म घट्ने गर्दछ भने औसत वार्षिक वर्षा ३६९३ मिलिलिटर रहेको छ । विस्तृत विवरण तालिका नं. १ मा प्रस्तृत गरिएको छ ।

**तालिका नं. १ : तिलोत्तमा नगरपालिकाको भौगोलिक अवस्थिति**


| क्र. स. | विषयक्षेत्र | विवरण |
|---|---|---|
| १. | अक्षांश | २७° ३३' उत्तर देखि २७° ३९'उत्तरसम्म |
| २. | देशान्तर | ८३° २५' पूर्व देखि ८३° ३३' पूर्वी |
| ३. | सीमाना | पूर्व : रोहिणी नदी देबदह न.पा. पश्चिम : तिनाऊ उत्तर : बुटवल उपमाहानगरपालिका दक्षिण : पड्सरी चिल्हिया गा.वि.स |
| ४. | क्षेत्रफल | १२४. ८ वर्ग किलोमिटर |
| ५. | नगरस्थान | मणिग्राम |
| ६. | समुन्द्र सतह देखि | १६० देखि १७५ मी. सम्मको उचाई रहेको छ। |

श्रोत : ति.न.पा.

## २.३ हावापानी

यस नगरपालिकामा गर्मीमा अति गर्मी र जाडोमा अति जाडो (शीतलहर) हुने विषम खालको हावापानी पाईन्छ जुन उष्ण मनसुनी हावापानी समशीतोष्ण हुन्छ भने मंसिर, पुस र माघमा निकै जाडो भई शीतलहर समेत चल्छ। जेष्ठको अन्त्य देखि असोजको शुरु सम्म मनसुनी वायुको कारण प्रशस्त वर्षा हुन्छ। यस नगरपालिकामा गर्मीमा अधिकतम तापक्रम ४२.४० से. सम्म हुने गर्दछ र न्युनतम तापक्रम ८.७५० से. सम्म रहन्छ। नगरपालिकाको औषत तापक्रम २८ डिग्री सेल्सियस र औषत वर्षा ३६९३ मि.मि. बार्षिक रहेको छ। समग्रमा यस जिल्लाको हावापानी उष्ण प्रदेशिय खालको रहेको छ।

नक्शा : जलविभाजन


TILOTTAMA MUNICIPALITY
Integrated Urban Development Plan of Tilottama
Watershed Map
Km
(1:50,000)
Legend
streams
Municipal Boundary
District Boundary
VDC Boundary
Ward Boundary
Bush
Forest
Waterbody
Sand
SRN
watershed
Elevation
Value
High : 153.27
Low : 106.369
Rupandehi District
Western Development Region
Tilottama Municipality Office
Shankarpur, Rupandehi
Bright Future International Pvt. Ltd.
Email: bf.international2012@gmail.com
Website: www.bfinepal.com
Butawal Municipality
Devdaha Municipality
Semlar VDC
Khadwa Banagai VDC
Motipur VDC
SaurahaPharsatikar VDC
Amuwa VDC
Harnaiya VDC
Chilhiya VDC
Gangwaliya VDC
Siktahan VDC
Tinau River
Rohini River
To Narayangadh
East-West Highway

## ❖ बस्तुगत विवरणहरु

### १. स्थानीय चार्डपर्व तथा जात्रा र मेलाहरुको विवरण :

यस गाउँपालिकामा हिन्दु, बौद्ध, मुश्लिम आदि धर्मावलम्बीहरु बसोबास गर्छन र आफ्नो धार्मिक परम्परा, संस्कृति तथा रीतिरिवाज अनुसार दशैं, तिहार/दीपावली, होली, रक्षाबन्धन, रामनवमी, माघी, मोहर्रम, इद, बकरइद, क्रिस्मस आदि पर्वहरु मनाउने गर्दछन । यहाँ मनाइने प्रमुख चाडबाड तथा समयलाई निम्नानुसार तालिका मा उल्लेख गरिएको छ ।

**तालिका नं. २ : तिलोत्तमा नगरपालिकाको चार्डपर्व, जात्रा र मेलाहरु**

| क सं. | चाडपर्व | मनाइने महिना | मनाउने जातजाति |
|---|---|---|---|
| १ | दशैं | आश्विन | हिन्दु धर्मावलम्बी सबै जातजातिहरु |
| २ | तिहार/दीपावली | कार्तिक | हिन्दु धर्मावलम्बी सबै जातजातिहरु |
| ३ | होली | फागुन चैत्र | हिन्दु धर्मावलम्बी सबै जातजातिहरु |
| ४ | माघी | माघ | थारु जनजाति तथा अन्य |
| ५ | रक्षा बन्धन | श्रावण भाद्र | हिन्दु धर्मावलम्बी सबै जातजातिहरु |
| ६ | रामनवमी | चैत्र | हिन्दु धर्मावलम्बी सबै जातजातिहरु |
| ७ | ईद, बकरइद, मोहर्रम | असार - आश्विन | मुश्लिम |
| ८ | क्रिस्मस | मंसिर | क्रिश्चियन |

**श्रोत** : स्थलगत अध्यन

### २. पर्यटकीय स्थलहरुको विवरण (धार्मिक/ऐतिहासिक/पुरातात्विक):

#### क. शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र

शंकरनगर अनुसन्धान केन्द्र ऐतिहासिक नगरी बुटवल संग जोडिएको तिलोतमा नगरपालिकाको साविक १ र ५ वडा भित्रको शंकरनगर सामुदायिक वन उपभोक्ताहरुको सत्प्रयासमा स्थापित जैविक विविधताले भरिपूर्ण रमणीय स्थान हो । विभिन्न किसिमका बोटविरुवा तथा बनस्पति र पशुपंक्षीहरु रहेको, सुन्दर पार्क तथा चिडियाखाना भएको, अध्ययन अनुसन्धानको लागि पर्याप्त स्रोत भएको यो केन्द्र वातावरणीय तथा पर्यटकीय रुपले अत्यन्तै महत्वपूर्ण छ । यस केन्द्र स्थापनाको उद्धेश्य तथा यहाँ उपलब्ध जीवजन्तु र सेवा सुविधाहरु निम्नानुसार छन ।

१. तिलोत्तमा नगरपालिका प्रतिदिन घना शहरीकरण भैरहेको र यसको भविष्यलाई दृष्टिगत गरि शंकरनगर सामुदायिक वन भित्र हरियालीपुर्ण स्वच्छ, सुन्दर र सुविधायुक्त पार्कको निर्माण गरी जसमा बाल, वृद्धा , युवा सबैको लागी आर्कषक मनोरञ्जनात्मक खुला विश्राम स्थलको विकास गर्ने ।

२. शकरनगर र अन्य क्षेत्रका बासिन्दाहरुलाई प्राकृतिक रुपले स्वच्छ र सुविधायुक्त वनभोज स्थल एवंम विवाह, सभा तथा समारोह स्थल को रुपमा विकास गर्ने ।

३. भविष्यका कर्णधार बालबालिकाहरुको मनोरञ्जन एवंम व्यक्तित्व विकासका लागी समेत उपयुक्त हुने गरी बाल उद्यान निर्माण गर्ने ।

४. खतरा परि संरक्षणको आवश्यकता भएका वन्यजन्तुहरुको संरक्षण गरी क्षेत्रीय चिडियाखाना कै रुपमा विकास गर्ने ।

५. विभिन्न जात र प्रजातीका बोट विरुवाहरुको प्रवर्द्धन अनुसन्धान, खरिद विक्री व्यवसाय समेत गर्ने गरी नर्सरीको स्थापना र विकास गर्ने ।

६. प्रकृतिलाई सधै संरक्षण गर्ने सदाबाहार प्रचुर मात्रामा अक्सिजन प्रवाह गर्ने वर, पिपल, स्वामी जस्ता वृक्षहरु कार्वन स्थिरिकरण गर्ने खालका बिरुवाहरु व्यवस्थित रुपले लगाउने र तिनको विकास एवंम प्रबर्द्धन मा जोड दिने ।

७. जडिबुटी खेती बोटानिकल गार्डेनको बिकास गरी त्यसको प्रचार प्रसार गर्ने एवम पुष्प व्यवसाय समेतको विकास गरी संस्थाको आय श्रोतमा वृद्धि गर्ने ।

८. वन सम्पदाको विकास र प्रबर्द्धनमा सामुदायिक वनमा सञ्चालन हुने योजना कार्यक्रम सफल पार्न पूर्ण सहयोग गर्ने ।

९. पर्यटकहरुलाई आकर्षित गर्न मोडलहरु, हरर हाउस, भ्यु टावर, एक्युरिएम आदिका निर्माण गर्न देवदह लुम्बिनीसँग सम्बन्ध जोड्ने र विपशना ध्यान केन्द्र, ऐतिहासिक कुवा संरक्षण जस्ता विविध र अनुसन्धान मुलक कामहरु गर्ने र सहयोग पुऱ्याउने ।

१०. वन पर्यावरण र पर्यटन सम्बन्धी प्रचार सामाग्री युक्त आधुनिक पुस्तकालय ( सुचना केन्द्र ) स्थापना गर्ने ।

११. वनविहार भित्र हुने सम्पूर्ण काममा स्थानिय जनशक्ति र निम्न आय परिवारलाई सकेजति रोजगारी उपलब्ध गराउने ।

१२. तिलोत्तमा भ्यू टावर सम्बन्धमा उच्चस्तरिय प्रविधिको आवश्यकता पर्ने भएकाले यसको सम्पुर्ण कार्य ति. न. पा. ले नै सञ्चालन गर्ने जानकारी प्राप्त भएको छ ।

१३. यस वनविहार तथा अनुसनधान केन्द्र भित्र (१). मञ्चको व्यवहारिक व्यवस्थापन तथा पुनः निर्माण सम्पन्न भएको छ । (२). खाजाघर निर्माण र सञ्चालन भएको छ । (३). पुष्पलाल पार्कमा वासुदेव घिमिरेले बनाएको आर्कषण पार्क सम्पन भएको छ ।

१४. प्राणी उधान भित्र रहेका जनावरहरुको विवरण

चितुवा – २ भालु – १ स्याल – ३ चित्तल/हरीण – १४ निल गाई – ५ रतुवा मृग – ३ खरायो – १८ मुसा – ( गिनिपिग ) सेतो मुसा – ७ बादर – ६ अजिंङ्गर – १२ इमु – २ राजहंस – ५ गिद्ध – १ बाज – १ चिल – ३ मयुर – ३ खरायो – १९ कछुवा – १५ दुम्सी – १ अष्ट्रिज – २ सारस – ३

**ख. मोक्षधाम**

रुपन्देही जिल्लाको तिलोत्तमा न.पा. वडा नं. ६ पशिचम पहुनीमा संसारकै पवित्रतम दिव्य मोक्षधाम अवस्थित छ । यो धाममा पुराणमा उल्लेख भएका चार धाम जस्तै बद्रिनाथ, जगन्नाथपुरी, द्धारका र रामेश्वरम तथा नेपालमा रहेका मुक्तिनाथ, पशुपतिनाथ, रामजानकी मन्दिर जनकपुर र लुम्बिनी सहितका चार धाम गरी आठ एवं द्धादश ज्योतिर्लिङ्ग र १००८ शिवलिङ्ग स्थापित विश्वनाथ मन्दिर, विभिन्न तिर्थ, गण्डकी, कोशी, कर्णाली, गंगा, यमुना, सरस्वती, गोसाइकुण्ड, दामोदरकुण्ड, मानसरोवर र सागरको जल मिश्रित अमृत कुण्ड, बाल आश्रम, बृद्धाश्रम, योग केन्द्र, ध्यान केन्द्र, प्राकृतिक चिकित्सा केन्द्र तथा उद्यान रहेको दर्शनीय धाम निर्माण गर्ने योजना रहेको छ । माधव सेवा र मानव सेवाको अनुगम संगम रहेको यस धामले घोषित उद्देश्य प्राप्ती तर्फ उल्लेखनीय उपलब्धी हासिल गरेको छ । यो पुण्यभूमि हामी सबैको साझा गौरव हो । मोक्षधाममा तीर्थाटन गर्दा आठधामको दर्शन हुने तथा अमृतकुण्डमा स्नान गर्नाले अनेकौ नदी, सरोवर र सागरमा गएर स्नान गरेको फल प्राप्त हुने हुनाले यस धामको महत्व अद्वितीय रहेको हो । यस आश्रमद्धारा संचालित बाल आश्रम र बृद्धाश्रममा रहेका बाल बृद्धाहरुलाई ममतापुर्ण किसिमले अध्यापन, भोजन, आवास र औषधी उपचारको प्रबन्ध गरिएको छ । यहाँ प्रत्येक दिन नियमित रुद्राभिषेक, पूजन, हवन, आरती,

भजनकीर्तन, श्राद्ध र धार्मिक पर्वहरुमा पर्व अनुसारका कार्यक्रमहरु संचालन हुदै आएका छन् । वैदिक मन्त्रोच्चारणले गुन्जायमान हुने यो धाम सबै वर्ग र संप्रदायको धरोहर हो । मुमुक्षुहरुलाई परमानन्दको मार्गमा अग्रसर हुन उपयुक्त वातावरण प्राप्त हुने पुण्यभूमि नै मोक्षधाम सेवा आश्रम हो भन्दा अत्युक्ति हुने छैन ।

**ग. अष्ट्रिच फर्म**

यस नगरपालिकाको मधवलियामा अवस्थित अष्ट्रिच फर्म नेपालको पहिलो तथा ठूलो अष्ट्रिच फर्म हो । व्यवसायिक रुपले संचालनमा रहेको यस अष्ट्रिच फर्म नीजिक्षेत्रबाट संचालित अनुकरणीय अष्ट्रिचपालन व्यवसाय हो । ब्यवस्थित र बैज्ञानिक ढंगबाट संचालन गरिएको यो व्यवसाय पर्यटकीय दृष्टीले पनि एकदम सुन्दर र रमणीय क्षेत्र रहेको छ । अष्ट्रिच अवलोकन गर्न आउने पर्यटकको संख्या दिनानुदिन बढ्दै गएको छ । यहाँ अष्ट्रिच सम्बन्धी अध्ययन अनुसन्धान जस्ता कार्यहरु पनि हुने गर्दछ ।


## ३. वर्तमान भू-उपयोग सम्वन्धी विवरण

यस नगरपालिकाको भूउपयोग संबन्धमाराष्ट्रियभू-उपयोगआयोजनाको दस्ताबेजमाउल्लेख भए अनुसार कृषिमा ९२४३.५ हे., वनजंगल१४५७.२ हे., व्यापारिक/रियलस्टेट२८.८ हे., साँस्कृतिक तथा पुरातात्विक२.७७ हे., उत्खनन४५.८ हे., जलीय३८७.७ हे., औद्योगिक१०३.९ हे., सार्वजनिक४०८.५ हे., आवास९९३.५ हे. र अन्य१६३ हे. जग्गा उपयोग भएको तालिका मा उल्लेख गरिएकोछ।

**तालिका नं. ३ : वर्तमान भू-उपयोग सम्वन्धी विवरण**

| क्र सं. | विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि(Agricultural) | ९२४३.५ | ७२.०१९७७१४५ |
| २ | वनजंगल(Forest) | १४५७.२ | ११.३५३६२२६५ |
| ३ | व्यापारिक(Commercial) | २८.८ | ०.२२४३९२२१३ |
| ४ | साँस्कृतिक तथा पुरातात्विक(Cultural Archaeological) | २.७७ | ०.०२१५८२१६८ |
| ५ | उत्खनन(Excavation) | ४५.८ | ०.३५६८४५९४९ |
| ६ | जलीय(Hydrological) | ३८७.७ | ३.०२०७२४३३५ |
| ७ | औद्योगिक(Indudtrial) | १०३.९ | ०.८०९५२६०७३ |
| ८ | सार्वजनिक(Public) | ४०८.५ | ३.१८२७८५३७७ |
| ९ | आवास(Residential) | ९९३.५ | ७.७४०७५२१९७ |
| १० | अन्य(Other) | १६३ | १.२६९९९७५९२ |
| | **जम्मा** | **१२८३४.६७** | **१००** |

**श्रोत :** राष्ट्रिय भू-उपयोग आयोजना


TILOTTAMA MUNICIPALITY
Integrated Urban Development Plan of Tilottama
Land Use Map
Km
(1:50,000)
Legend
Municipal Boundary
District Boundary
VDC Boundary
Ward Boundary
Roads
SRN
Landcover
Barren Land
Built Up
Bush
Cliff
Cultivation
Forest
Nursery and Orchard
Waterbody
Sand
Rupandehi District
Western Development Region
Tilottama Municipality Office
Shankarpur, Rupandehi
Bright Future International Pvt. Ltd.
Email: bf.international2012@gmail.com
Website: www.bfinepal.com
Butawal Municipality
Devdaha Municipality
To Narayangadh
Semlar VDC
Khadwa Banagai VDC
Motipur VDC
SaurahaPharsatikar VDC
Amuwa VDC
Harnaiya VDC
Mainahiya VDC
Chilhiya VDC
Padsari VDC
HattiPharsatikar VDC
Gangwaliya VDC
Siktahan VDC
Rohini River
Tinau River

नक्शा : भू-उपयोग

## ४. सिंचित क्षेत्रफलको विवरण

यस नगरपालिकाको ९२४३.५ हेक्टर क्षेत्रफल जग्गामा कृषिकार्य हुने गरेको छ । कृषि प्रयोजनको सिचांईको लागि कुलो/नहर, भूमीगत जल तथा मौसमी वर्षाको उपयोग हुने गरेको छ ।

### छत्तिस मौजा सिचाई प्रणाली

रुपन्देही जिल्लाको मात्र नमुना सिचाई प्रणाली नभएर मुलुककै एक नमुना अध्ययन सिक्न योग्य सिचाई प्रणाली हो । तिनाउ नदीबाट बगेको पानीलाई सिचाईको प्रयोजनको निमित्त उपभोग गर्ने समग्र उपभोक्ताहरुको सिचाई सम्बन्धि जनसंस्थाको नाम नै छत्तिस मौजा सिचाई प्रणाली हो । यस मौजा प्रणाली समुन्द्र सतहबाट करिब १५० मिटरको उचाइमा अबस्थित छ । स्वस्फुर्त रुपमा जनताकै व्यबस्थापनबाट सफलता पूर्वक संचालनमा रहेको यो प्रणाली विश्वकै नमुना सिचाई प्रणाली हो । रुपन्देही जिल्लाको बुटवलको सिरान भागबाट तिनाउ नदीमा बाध बाधेर ४० प्रतिशत सोह्र मौजाले र बाँकी रहेको ६० प्रतिशत छत्तिस मौजाले पानी प्रयोग गरेको छ । सोह्र मौजा अहिलेको सिद्धार्थ राजमार्ग पश्चिम देविनगर देखि टिकुलिगढ सम्म र छत्तिस मौजामा पूर्व कालिकानगर देखि साबिक गंगोलिया गाविस सम्म फैलिएको छ । यसलाई यसरी भन्दा पनि हुन्छ हालको बुटवल उपमहानगरपालिकाको केहि भाग सहित सिंगै तिलोत्तमा नगरपालिका यस प्रणालीको कमाण्ड क्षेत्र भित्र पर्दछ ।

यो प्रणाली बि.स. १९०३ देखि थारु जातिले शुभारम्भ गरेको र जंग बहादुरको शासन काल देखि प्रारम्भ भएको इतिहास छ । शुरुमा कच्ची कुलोको रुपमा रहेको र पछि आएर १९३३ मा मात्रै यस प्रणालीले नहरको आकार लिएको मानिन्छ । दुवै प्रणालीको बाध मुहान एकै स्थानमा रहेको र हालको बुटवलको ज्ञानोदय मावि पछाडि कन्ने ढुंगाबाट बाँध बाधेर तल न्यु होराइजन नजिक तारा प्रसाद भोडबाट दुवै प्रणालीको विधिवत पानीको बाडफांड गरिन्छ ।

छत्तिस मौजा सिचाई प्रणालीको मुख्य नहर १३ कि.मि. लामो छ । यस प्रणालीमा ४४ वटा सहायक नहरहरु रहेका छन । यसले ३५ सय हेक्टर भुमि सिचाई गरेको छ । शुरुमा छत्तिस मौजाले पानीको प्रयोग गरेको भएता पनि तराइमा पहाडबाट बसाई सरेर आउनेहरुको बाढी संगै जनघनत्व बृद्धिले मौजाको संख्या ६० पुगेको छ । तर पनि बढ्दो जनघनत्वलाई मध्यनजर गर्दै खेति योग्य जमिनमा बसोबासको योजना बन्दा खेति योग्य जमिनको खण्डिकरण भै प्रति परिवार थोरै मात्र जमिन बच्ने अवस्था सिर्जना भएको छ । जनसंख्या बढ्नु तर खेति योग्य जमिनको खण्डिकरण साथै र मानव बस्ति बढ्ने कारणले यो सिचाई प्रणालीको औचित्य के हुने भन्ने प्रश्न चिन्ह लाग्दछ ।

त्यस्तै कुञ्जलापुर क्षेत्रको १२० हेक्टर जमीनमा झरन खोलाको कुञ्जलापुर सिंचाई परियोजनाबाट सिंचाई हुने गरेको छ । लौसी खोलाको पानीबाट संचालित लौसी सिंचाई परियोजनाबाट मधवलिया तथा गंगोलिया क्षेत्रको ३०० हेक्टर जमीनमा सिंचाई सुविधा उपलब्ध छ । यसको साथै धेरै कृषकहरु मोटर तथा पम्पिङसेटबाट भूमिगत जलको प्रयोग सिंचाई गर्ने गर्दछन ।

## ५. वन क्षेत्र/नर्सरी सम्वन्धी विवरण

यस नगरपालिकामा १४५७.२ हेक्टर जमीन वनजंगल तथा नर्सरी क्षेत्रले ओगटेको छ । यस मध्ये १३८५ हेक्टर क्षेत्रफल वन स्थानीय समुदायबाट सामुदायिक वनको रुपमा व्यवस्थापन हुँदै आएको छ । यसबाट ११७६६ अर्थात ५३.५८ प्रतिशत परिवारहरु प्रत्यक्षरुपमा लाभान्वित हुँदै आएका छन । यस नगरपालिकामा

रहेको शंकरनगर सामुदायिक वन रुपन्देही जिल्लाको सबैभन्दा पहिले हस्तान्तरण भएको सामुदायिक वन हो ।

सामुदायिक वनहरुको विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

## ६. सरकारी/सार्वजनिक जग्गाहरुको विवरण

सार्वजनिक/संस्थागत जग्गा व्यवस्थापन गरी वनको प्रवर्द्धन तथा विकासले राष्ट्रिय वनमा कम चाप पर्ने मात्र नभई जैविक विविधता र स्थानीय जनताको आय आर्जनमा समेत बृद्धि भई देश विकासमा सहयोग पुग्छ । साथै स्थानीय गरिब परिवारले खेर गई रहेको सार्वजनिक जग्गामा बृक्षारोपण तथाआयआर्जनको क्रियाकलाप संचालन गरेर जीवनस्तर माथि उठाउन सक्छन भन्ने अभिप्रायले जिल्ला वन कार्यालय तथा वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत संचालित आयोजना तथा परियोजनाहरुले विगतमा सार्वजनिक जग्गा व्यवस्थापनका क्रियाकलापहरु संचालन गर्दै आएका छन । यस नगरपालिकाको वडा नं. १२ मक्रहरमा समयमाई सार्वजनिक जग्गा व्यवस्थापन समूहले नदी किनारको १४.५१ हेक्टरको खाली जग्गामा बृक्षारोपण तथा विपन्न परिवारको आयआर्जनको लागि व्यवस्थापन गरेको र हाल उक्त जग्गा सामुदायिक वनको रुपमा हस्तान्तरण समेत भएको छ र यसबाट यहाँका ५२१ परिवार लाभान्वित भएका छन । हाल सम्म ७ ओटा वडाहरुको सार्वजनिक जग्गा पहिचान कार्य सम्पन्न भइसकेको छ जसको बिस्तृत बिबरण अनुसुचीमा देखाइएको छ ।

## ७जनसंख्याको विवरण


घरधुरी सर्वेक्षण २०७५ अनुसार, तिलोत्तमा नगरपालिकाको कुल जनसंख्या १२३८३६ जना रहेको छ जस मध्ये पुरुष ५१.१३ प्रतिशत (६३३१६ जना) र महिला ४८.८६ प्रतिशत(६०५०९ जना) र तेश्रो लिंगी ०.०१ प्रतिशत (११ जना) रहेका छन् । लैंगिक अनुपात (SexRatio) १०४.६४ अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या १०४.६४ र जनघनात्व ९७८.२३ रहेको छ । जनगणना २०६८ अनुसार नगरको जनसंख्या महिला ५२९७१ र पुरुष ४७१७८ गरी जम्मा १००१४९ र लैंगिक अनुपात ८९.०६ थियो । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ७९३.५७ जना प्रति वर्ग किलोमिटर रहेको छ । साथै वडा अनुसार जनसंख्या विवरण हेर्दा सनैभन्दा बढी जनसंख्या वडा नं ११ र सबैभन्दा कम जनसंख्या वडा नं १३ मा देखिएको छ ,जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

लिङ्ग अनुसार

| क्र. सं. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | महिला | ६०५०८ | ४८.८६% |
| 2 | पुरुष | ६३३१६ | ५१.१३% |
| 3 | तेश्रो लिङ्गी | १२ | ०.०१% |

| जम्मा | १२३८३६ |
|---|---|

**८.वडागत जनसंख्या विवरण :**




| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | वडा १० | वडा ११ | वडा १२ | वडा १३ | वडा १४ | वडा १५ | वडा १६ | वडा १७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | ३२२८ | ३९०३ | ४५१० | ३९१२ | २५३७ | ४६५७ | ५१४६ | ३०७५ | २९६९ | २५३९ | ५५११ | २३८६ | २३०३ | ४२९८ | २९६१ | २८६१ | ३७१२ |
| पुरुष | ३३६६ | ४१४७ | ४७०९ | ४१६४ | २७३९ | ४७४३ | ५३४५ | ३२५६ | ३०३८ | २६६६ | ५५८२ | २५०१ | २३८१ | ४४८२ | ३१११ | ३०३९ | ४०४७ |
| तेश्रो लिंगी | ० | २ | ० | ० | ० | ० | १ | १ | १ | ० | २ | ० | २ | १ | १ | ० | १ |

**८. वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण**

**तालिका नं. ५ : वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण**

| वडा नं | परिवार सख्या | | पुरुष | | महिला | | तेश्रो लिंगी | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०६८ | २०७५ | २०६८ | २०७५ | २०६८ | २०७५ | २०७५ | २०६८ | २०७५ |
| १ | १४५३ | १८४० | २९०४ | ३३६६ | ३३४९ | ३२२८ | ० | ६२५३ | ६५९४ |
| २ | १३४१ | १६०३ | २५१९ | ४१४७ | २८७१ | ३९०३ | २ | ५३९० | ८०५२ |
| ३ | १४७० | १७८० | २,९२५ | ४७०९ | ३,१५३ | ४५१० | ० | ६,०७८ | ९२१९ |
| ४ | १,०९१ | १,३१८ | २,२९१ | ४१६४ | २,४१७ | ३९१२ | ० | ४,७०८ | ८०७६ |
| ५ | १,२७१ | ९९३ | २,४६९ | २७३९ | २,६३१ | २५३७ | ० | ५,१०० | ५२७६ |


| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | १३३९ | १७१९ | २९९३ | ४७४३ | ३३४९ | ४६५७ | ० | ६३४२ | ९४०० |
| ७ | २१२४ | २१२६ | ४२३७ | ५३४५ | ४९३३ | ५१४६ | १ | ९१७० | १०४९२ |
| ८ | ११५८ | १६७५ | २३७८ | ३२५६ | २७८८ | ३०७५ | १ | ५१६६ | ६३३२ |
| ९ | ११८९ | १२५७ | २३४३ | ३०३८ | २५५९ | २९६९ | १ | ४९०२ | ६००८ |
| १० | ८४६ | १२४० | १९२४ | २६६६ | २२२६ | २५३९ | ० | ४१५० | ५२०५ |
| ११ | १८८२ | २१६७ | ३८९३ | ५५८२ | ४६७७ | ५५११ | २ | ८५७० | ११०९५ |
| १२ | ७५१ | ११२३ | १८१७ | २५०१ | १९७७ | २३८६ | ० | ३७९४ | ४८८७ |
| १३ | ९५४ | ११८५ | २१८३ | २३८१ | २५२७ | २३०३ | २ | ४७१० | ४६८६ |
| १४ | १६३८ | १७४१ | ३९९६ | ४४८२ | ४५२० | ४२९८ | १ | ८५१६ | ८७८१ |
| १५ | १२९६ | १३१५ | २७४५ | ३१११ | ३०३१ | २९६१ | १ | ५७७६ | ६०७३ |
| १६ | ९८२ | ११२९ | २१३८ | ३०३९ | २४२० | २८६१ | ० | ४५५८ | ५९०० |
| १७ | ११७२ | १२९२ | ३४२३ | ४०४७ | ३५४३ | ३७१२ | १ | ६९६६ | ७७६० |
| जम्मा | २१९५७ | २५५०३ | ४७१७८ | ६३३१६ | ५२९७१ | ६०५०८ | १२ | १००१४९ | १२३८३६ |

**श्रोतः** केन्द्रीय तथ्यांक विभाग, राष्ड्रिय जनगणना २०६८ तथा घरधुरी सर्वेक्षण २०७५

यस नगरपालिकामा गरिएको घरधुरी सर्भेक्षण तथा राष्ट्रिय जनगणना २०६८ का आधारमा उपलब्ध तथ्यांकहरुको विश्लेषण गर्दा यहाँको जम्मा घरधुरी संख्या २१९५७ भने २०७५ मा जम्मा घरधुरी २५५०३ रहेको छ र कूल जनसंख्या २०६८ मा १००१४९ भने २०७५ मा १२३८३६ रहेको छ जसको बिस्तृत बिबरण तालिका मा उल्लेख गरिएको छ ।

## ९.उमेरसमूह अनुसार जनसंख्या विवरण :

घरधुरीसर्वेक्षण २०७५ मा, उमेर समूह अनुसार जनसंख्या विवरण हेर्दा ४० देखि ६० बर्ष उमेर समूहका सबैभन्दा बढी २४७४२ अर्थात १९.९८ प्रतिशत ,एक बर्ष सम्मका नावालक २३१५ अर्थात १.८७ प्रतिशत, एक देखि ५ बर्ष सम्मका ६६४८ अर्थात ५.३७ प्रतिशत, ५ देखि १० बर्ष सम्मका ८७३७ अर्थात ७.०६ प्रतिशत, १० देखि १९ बर्ष सम्मका २०७२२ अर्थात १६.७३ प्रतिशत, १९ देखि २१ बर्ष सम्मका ४९६९ अर्थात ४.०१ प्रतिशत, २१ देखि २५ बर्ष सम्मका १०६९८ अर्थात ८.६४ प्रतिशत, २५ देखि ३० बर्ष सम्मका १२३६४ अर्थात ९.९८ प्रतिशत, ३० देखि ४० बर्ष सम्मका २२५६९ अर्थात १८.२२ प्रतिशत, ६० देखि ७० बर्ष सम्मका ६१०५ अर्थात ४.९३ प्रतिशत, ७० बर्षदेखि माथिका ३९४९ अर्थात ३.१९ प्रतिशत पाइयो । जसको बिस्तृत विवरण तलको स्तम्भ चित्रमा देखाइएको छ ।



## १०.आश्रित जनसंख्याको विवरण


तालिका नं. द्द्ठ : आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत(जम्मा जनसंख्याको) |
| २०७५ | २८०६० | ७३.६२ | १००५४ | २६.३८ | ३८११४ | ३०.७८ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५


नगरमा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र अनुपातलाई देखाइएको छ। नगरको घरधुरी सर्वेक्षण २०७५ मा आश्रीत बालबालिका ७३.६२ प्रतिशत र आश्रीत वृद्धवृद्धा २६.३८ प्रतिशत देखिन्छ भने कूल जनसंख्याको ३०.७८ प्रतिशत आश्रित जनसंख्या देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेखगरिएको छ।

## ११.अपांगताको आधारमा जनसंख्या विवरण :





**स्रोत घरधुरी सर्वेक्षण २०७५**

घरधुरीसर्वेक्षण २०७४मा, अपांगताको आधारमा महिला पुरुषको अनुपात हेंदा ३९.७१ प्रतिशत महिला र ६०.२९ प्रतिशत पुरुष अपांग रहेको पाइएको छ । कूल जनसंख्याको ०.३९२ प्रतिशत जनसंख्या अपांग रहेको पाईएको छ । साथै अपांगताको किसिमअनुसार हेंदा दृष्टिबिहिन ३३ अंथात जम्मा जनसंख्याको ०.०३ प्रतिशत र अपांग जनसंख्याको ६.७९ प्रतिशत रहेको छ । त्यस्तैगरी सबैभन्दा कम पोलियो अपांगता भएका जनसंख्या १३ अंथात जम्मा जनसंख्याको ०.०१ प्रतिशत र अपांग जनसंख्याको २.६७ प्रतिशत रहेको छ भने सबैभन्दा बढी सामान्य अपांगता भएका ९४ महिला र १४२ पुरुष गरी जम्मा २३६ जना  अंथात जम्मा जनसंख्याको ०.१९ प्रतिशत र अपांग जनसंख्याको ४८.५६ प्रतिशत रहेको छ । त्यस्तैगरी प्यारालाइसिस भएका ३३ अंथात जम्मा जनसंख्याको ०.०३ प्रतिशत र अपांग जनसंख्याको ६.७९ प्रतिशत रहेको छ । त्यस्तैगरी खुट्टा गुमाएका (लंगडा) को अवस्था हेर्दा ४० अंथात जम्मा जनसंख्याको ०.०३ प्रतिशत र अपांग जनसंख्याको ८.२३ प्रतिशत रहेको छ भने बोल्न नसक्ने (लाटा) को जनसंख्या ३७ अंथात जम्मा जनसंख्याको ०.०३ प्रतिशत र अपांग जनसंख्याको ७.६१ प्रतिशत रहेको छ । त्यस्तैगरी श्रवण शक्ति गुमाएकाको जनसंख्या ३५ अंथात जम्मा जनसंख्याको ०.०३ प्रतिशत र अपांग जनसंख्याको ७.२ प्रतिशत देखिएको छ । सुस्तमनस्थिति भएका अपांगको संख्या ५९ अंथात जम्मा जनसंख्याको ०.०५ प्रतिशत र अपांग जनसंख्याको १२.१४ प्रतिशत रहेको छ । जसको विस्तृत विवरण कूल जनसंख्याको आधारमा माथिको तालिकामा र अपांगताको जनसंख्याको आधारमा तलको स्तम्भचित्रमा देखाइएको छ ।




**१२. स्वास्थ्य अवस्था अनुसार जनसंख्या को बिबरण**




## स्रोत :घरधुरी सर्वेक्षण २०७५

घरधुरी सर्वेक्षण २०७५मा, स्वास्थ्य स्थितिको आधारमा अस्वस्थ महिला पुरुषको अनुपात हेर्दा ५१.०५ प्रतिशत महिला र ४९.९५ प्रतिशत पुरुष पाइयो साथै स्वस्थ अस्वस्थ को अनुपात ९८ प्रतिशत स्वस्थ र २ प्रतिशत अस्वस्थ पाइयो । कूल जनसंख्याको आधारमा हेर्दा अस्वस्थ महिलाको संख्या १२४३ अर्थात १ प्रतिशत, पुरुषको संख्या ११९२ अर्थात ०.९६ प्रतिशत र तेश्रो लिंगीको जनसंख्या शून्य अर्थात ० प्रतिशत रहेको छ । जसको विस्तृत विवरण माथीको चित्रमा देखाइएको छ ।


**खोप लगाएका नलगाएका अनुसार जनसंख्या विवरण :**



## स्रोतः घरधुरी सर्वेक्षण २०७५

घरधुरीसर्वेक्षण २०७५मा, खोप लगाएका नलगाएका जनसंख्याको आधारमा महिला पुरुषको अनुपात हेंदा ४९.४७ प्रतिशत महिला र ५१.५३ प्रतिशत पुरुष ले खोप नलगाएको पाईयो भने जम्मा खोप नलगाउनेको संख्या १५९३ अर्थात कूल जनसंख्याको १.२९ प्रतिशत रहेको छ। कूल जनसंख्याको आधारमा हेर्दा खोप लगाएका महिलाको संख्या ५९६८५ अर्थात ४८.१९ प्रतिशत, पुरुषको संख्या ६२४७८ अर्थात ५०.४५ प्रतिशत र तेश्रो लिंगीको जनसंख्या ११ अर्थात ०.०१ प्रतिशत रहेको छ।


### १३. बसोबास को अवस्था अनुसार जनसंख्या बिबरण




घरधुरीसर्वेक्षण २०७४मा,बसोबासको अवस्था अनुसार स्वदेश स्वदेश बाहिर बसोबास गर्ने जम्मा १३०१४ जनसंख्या मध्ये महिला २४८५ अर्थात १९.०९ प्रतिशत, पुरुष १०५२८ अर्थात ८०.९ प्रतिशत र तेश्रो लिंगी १ अर्थात ०.००१ प्रतिशत पाइएको छ । विस्तृत रुपमा हेर्दा स्वदेश,भारत,खाडी मूलुक र अन्य देशहरुमा बिभाजन गर्दा सवैभन्दा धेरै स्वदेशमै बस्ने ११०८३० अर्थात जम्मा जनसंख्याका ८९.४९ प्रतिशत , भारतमा बसोबास गर्ने २९५३ अर्थात जम्मा जनसंख्याका २.३८ प्रतिशत, खाडी मूलुकमा ५४५१ अर्थात जम्मा जनसंख्याका ४.४ प्रतिशत र अन्य विकसित लगाएत अन्य मूलुकमा ४६१० अर्थात जम्मा जनसंख्याको ३.७२ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण कूल जनसंख्याको आधारमा माथिको चित्रमा देखाइएको छ।


## १४.बैवाहिक स्थिति अनुसार जनसंख्याको विवरण :

घरधुरीसर्वेक्षण २०७५ मा,बैबाहिक स्थिति अनुसार बिबाहित ७१०२२ जनसंख्या मध्ये महिला ३६२९६, पुरुष ३४७२५  र तेश्रो लिंगी १ जना पाइएको छ । उक्त तथांक लाई बिश्लेषण गर्दा महिला र पुरुषको संख्या बराबर हुनुपर्ने हो तर १५७१ ले फरक हुन आएको छ ,यसले के जनाउछ भने अझैपनि मानिसहरु आफ्नो बैबाहिक स्थिति लुकाउन खोजिरहेका छन वा एकल महिलाको संख्या १९८१ भएकाले महिला भन्दा मृत्यु भएका पुरुषको संख्या बढि छ  भन्ने अनुमान लगाउन सकिन्छ । विस्तृत रुपमा हेर्दा बिबाहित, अबिबाहित, एकल ,सम्बन्ध बिच्छेद, बिदुर र नखुलाइएकाहरुमा बिभाजन गर्दा  सवैभन्दा धेरै बिबाहित ७१०२२ अर्थात जम्मा जनसंख्याका ५७.३५ प्रतिशत , अबिबाहित ५०१७२ अर्थात जम्मा जनसंख्याका ४०.५१ प्रतिशत, एकल २१७१ अर्थात जम्मा जनसंख्याका १.७५ प्रतिशत, सम्बन्ध बिच्छेद भएका ३० जना  अर्थात जम्मा जनसंख्याको ०.०२ प्रतिशत, बिदुर ३७७ अर्थात जम्मा जनसंख्याको ०.३ प्रतिशत रहेको छ । जसको विस्तृत विवरण कूल जनसंख्याको आधारमा तलको चित्रमा देखाइएको छ ।



### १५. मृत्युको कारण अनुसार जनसंख्या बिबरण


